# सानीभेरी गाउँपलिका नगर प्रहरी सम्बन्धि नियमावली, २०७४

**प्रमाणीकरण मिति : २०७४/१२/१३**

**गाउँपालीका राजपत्रमा प्रकाशित मिति : २०७४/१२/२५**

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (क) अधिकार बमोजिम सानीभेरी गाउँ कार्यपालिकाले यो नियमावली बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निमावलीको नाम "सानीभेरी नगर प्रहरी नियमावली २०७४" रहेको छ।

(२) यो नियमावली गाउँपालिकको गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

क) "नियमावली" भन्नाले सानीभेरी नगर प्रहरी नियमावली, २०७४ लाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) " अध्यक्ष " भन्नाले सानीभेरी गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) " अधिकृत" भन्नाले गाउँपालिकको प्रमुख प्रशासकीय अधिकृतको लाई सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले सानीभेरी गाउँपालिकको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

च) "नगर प्रहरी" भन्नाले सानीभेरी गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

छ) "अस्थायी पद" भन्नाले म्याद तोकिएको गाउँपालिकको गाउँ कार्यपालिकाद्धारा स्वीकृत अस्थायी पदलाई सम्झनु पर्दछ।

ज) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने निज तथा आफैले पालन पोषणगर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहीत छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै त महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ।

झ) "भत्ता" भन्नाले सानीभेरी गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

ञ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ट) "कार्यपालिका" भन्नाले गाउँपालिकको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ठ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ड) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी कमाण्डर र सदस्यलाई सम्झनुपर्छ ।

ढ) "कमाण्डर भन्नाले" टो ल प्रमुखलाइ सम्झनु पर्छ ।

ण) "सदस्य भन्नाले" कमाण्डर बाहेकका प्रहरी सदस्य सम्झनु पर्छ ।

३. **नियमावलीको व्याख्या गाउँपालिकाले गर्नेः** (१) कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँकार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

नरबहादुर पुन
अध्यक्ष

(२) नियामावली ३ (१) को सम्वन्धमा गाउँपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

४. **नगर प्रहरी सेवाको गठनः** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा समुहरहने छ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या गाउँपरिषद्ले तोकेबमोजिम हुनेछ।

५. **गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः** (१) कार्यपालिका तोकेको पद र तह रहनेछन ।

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद— ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

६. **नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकारः**

(१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने।

(२) गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैलान निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून न्यायीक समिति मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने ।भत्काउने आदेश भए भत्काउने।

(४) गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून न्यायीक समिति मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने।

(५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन, गर्ने गराउने।

(६) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने। तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने। पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवानागर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने।

(७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु क्रिबि वितरणमा रोक लगाउने। अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय पेश गर्ने।

(८) कुकुहरु छाडा गर्न नदिने यदि छाडा गरेमा सम्वन्धी मालिकलाई कानून बमोजिम कारवाही गर्ने। मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने ।जोखिमपूर्ण घरहरु भए भत्काउने आदेश दिने।

(१०) वडा समिति, टोल सुधार समति, तथा नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने।

(११). गाउँपालिका कार्यपालिका, समिति, उपसमिति, विभाग तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(१२) गाउँपालिको सुव्यवस्था कायम गर्ने, गाउँपालिकको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने

नरबहादुर पुन
अध्यक्ष

(१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) सानीभेरी गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन पचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने अटेरगर्नेलाई जरिवाना कारवाही गर्ने।

(१५) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(१६) गाउँपालिकाले सञ्चालनगर्ने वा भाग लिने, सभा सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(१७) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने।

(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज जस्ता पार्लर गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(१९) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने।

(२०) सानीभेरी गाउँपालिकको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने।

(२२) गाउँपालिका क्षेत्रभित्र ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने।

(२३) सानीभेरी क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमगर्ने ।

(२४) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने।

(२५) गाउँपालिका मातहतका विभाग, महाशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजन अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने।

(२६) सानीभेरी गाउँपालिका अन्तरतका विभाग, शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सो को विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(२७) सामजिक सुरक्षा, शिक्षा, स्वस्थ्य क्षेत्रमा सहयोग गर्ने, महिला घरेलु हिम्सा, दलित छुवाछुत मुक्त र चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

(२८) पन्यावरणीय कार्यमा सरिक हुनुका साथै जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

(२९) स्थानीय श्रोत परीचालन मा सहयोग तथा जमिनको अधिकतम उपयोग गर्न सकृय हुने।

(३०) गाउँपालिकाले सञ्चालन गर्ने आर्थिक उत्पादनका परियोजनाहरुमा आवश्यक जनशक्ति पूर्ति गर्ने र कार्य सञ्चालन गर्ने।

(३१) तोकिएबमोजिम जनसेवा, सामुहिक श्रम आदीमा सरीक हुने। माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३२) समाजमा हुने रक्सि, जाँड, महिला हिंसा, चोरी डकैती, लागु औषध प्रयोग तथा उत्पादन रोक्न भुमिका खेल्ने

(३३) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

**परिच्छेद— ४**

**तह विभाजन र पदपूर्ति**

७. **अस्थायी पद श्रृजना तथा दरवन्दी खारेजः** (१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी गाउँ कार्यपालिको निर्णय गरे वमोजिम हुनेछ ।

२) पद श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेको कार्यबोझ सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।



नरबहादुर पुन
अध्यक्ष

८. **नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु:** नगर प्रहरीको देहायका पदहरुखुल्ला प्रतियोगिताद्धारापूर्ति गरीनियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ ।

१) नगर प्रहरी सेक्शन र तहगत कमाण्डर

२) नगर प्रहरी सदस्य

९ नियुक्ति गर्ने अधिकारीः पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिले नगर प्रहरीको नियुक्ति गर्नेछ।

१०. पदपूर्ति गर्ने तरिकाः (१) नगर प्रहरी सेक्शन र तहगत कमाण्डर पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी बढुवाद्धारा पदपूर्ति गरिनेछ।

२) नगर प्रहरी जवान पदमा समावेसिका प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

३) दफा १० (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याइ सो छुट प्रतिशतलाई शत प्रतिशत मानी देहायबमोजिमका उम्मेदरवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

१) खुला ५० प्रतिशत

२) महिला २० प्रतिशत

३) आदिबासी/जनजाति १५ प्रतिशत

४) दलित १५ प्रतिशत

स्पष्टीकरणः

(१) यस नियामावलीको खण्ड १, २, ३, ४, को प्रयोजनको लागि महिला आदिवासी, जनजाति र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडिकापर महिला, आदिवासी/जनजाति र दलितलाई सम्झनु पर्छ।

(४) उपदफा ३ वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ । तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(५) दफा १० (३) वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(क) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको आदिवासी हकमा जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी÷जनजाति भनी प्रमाणित भएको ।

(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(ग) दफा १० (३) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घताक (फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिका समुदायमा सर्दै जानेछ।

(घ) उपनियम १० (३) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरे वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

११. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः नगर प्रहरी सहायक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

१) दरखास्त आब्हान भएको सालको वैशाख १ गते वर्ष २१ उमेर पुगेको २५वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।

२) स्वीकृत माध्यमिक विद्यालयबाट घटीमा ८ देखी वा slc उत्तीर्ण गरेको।

३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।



नरबहादुर पुन
अध्यक्ष

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**१२. पदपूर्ति समिति गाउँपालिकाको:** पदपूर्ति समिति नै गाउँ कार्यपालिकाको निर्णय बमोजिमको पदपूर्ति समितिको हुनेछ। नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृया जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि र गाउँपालिका भित्र रहेको प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ।

१३. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार:** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) उपदफा १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति पदको पाठ्यक्रम निर्धारण गर्ने।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पन सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्ति सँग सम्बन्धित अन्य कार्य गर्ने।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्ब आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

१४. योग्यताक्रम सूची तयार गर्ने: (१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

(२) उपदफा १४ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र गाउँपालिकाले नियुक्ति पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) नियामावली १६ (३) वमोजिम निर्णय भएको मितिले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछ।

**१५. जेष्ठताक्रम कायम गर्ने:** (१) नगर प्रहरी तहगत कमाण्डरको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्तिप्राप्त गर्न नसकेमा उक्त सूची स्वत: खारेज हुनेछ।

**१६. परीक्षणकालमा राखिने:** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा कार्यापालिकाले थप ६ महिना परीक्षणकाल राख्न सक्नेछ। महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ । तिन महिना परिक्षणकाल थप गर्न सकिनेछ ।

(२) उपदफा १६ (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनेछ।



नरबहादुर पुन
अध्यक्ष

१७ **नियुक्ति सदरः** (१) उपदफा १६ (१) बमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा गाउँपालिकको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथ ग्रहण गराएर मात्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) उपदफा १७ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाईनोकरीको अवधिमा गणना गरिनेछ।

१८. **नगर प्रहरी जवान पदमा भर्नाः** (१) नगर प्रहरी जवान र नगर प्रहरी पदमा नियुक्ति हुन चाहने उम्मेदवारले गाउँपालिकाले तोके वमोजिमको फारम भरी पदपूर्ति समितिमा निवेदन दिनु पर्ने छ ।

(२) नियामावली १८ (१) वमोजिम निवेदन दिने उम्मेदरवारको देहायको योग्यता पुगेको हुनुपने

क) नगर प्रहरी जवान पदको लागि छनौट हुने सालको वैशाख १ गते उमेर १८ वर्ष पुगेको र३५ वर्ष ननाघेको।

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका SEE पास गरेको ।

ग) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) राजनीतिक पार्टीको सदस्य नरहेको ।

ङ) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।

च) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

छ) आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

ज) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।

झ) नेपाली नागरिक ।

ञ) महिलाको लागी घटीमा ५ फिट र पुरुषको लागी घटीमा ५ फिटइन्च२ उचाई भएको।

१९. **नियुक्ति सदरः** (१) दफा १६ (१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा गाउँपालिकको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्रगाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) दफा १९ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ।

(३ वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाईपदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।

(४) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतीस दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ।

(५) दफा १९ (४) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्तिपत्र दिनेछ।

## परिच्छेद— ५

## सरुवा तथा वढुवा

१९. **सरुवा सम्बन्धी व्यवस्थाः** अधिकृतस्तरको नगर प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट सरुवा गर्नेछ।अन्य नगर प्रहरी कर्मचारीहरुको सरुवा प्रमुख प्रशासकीय अधिकृतबाट निर्देशन बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ।

२०. **वढुवा गर्ने अधिकारीः पदपूर्ति** समितिकोसिफारिसमा सानीभेरी गाउँ कार्यापालिकाले बढुवा गर्नेछ।

२१. **वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधिः** (१) नगर प्रहरी सेक्शन सहायक कमाण्डर देखि नगर प्रहरी सेक्शन कमाण्डर एकतह मुनिको पदमा कम्तिमा २ वर्षको अवधि पुगेको र प्लाटुन साह्यक र कमाण्डर प्रहरी कर्मचारीको हकमा एक तह मुनिकोपदमा कम्तिमा ३ वर्ष करार सेवा अवधि पुगेको हुनुपर्नेछ ।

(२) दफा २१ (१) मा जुनसुकै कुरा लेखिको भएतापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी र्मचारीको वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

क) निलम्बन भए निलम्बन भएको अवधिभर,

नरबहादुर पुन
अध्यक्ष

ख) वढुवा रोक्का गरिएकोमा सो अवधिभर,
ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,
घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म,
ङ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,
च) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म

२२ **वढुवा गर्दा कार्य क्षमताको मूल्यांकन गर्ने आधारः** नगर प्रहरी कर्मचारीलाई वढुवा गर्दा यस नियमावली वमोजिम कार्य क्षमताको मूल्यांकन गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले वढुवा गरिनेछ। तर समान अंक प्राप्त गर्नेउम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछः

क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा
ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिकोपदमा नोकरीगरेको अवधिको आधारमा
ग) खण्ड (ख) वमोजिम निर्णयनहुनसकेमा आधारभूत तालिमबाट कायमगरिएको जेष्ठताक्रमको आधारमा
घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्यांकन गर्दा देहायका कुराहरुलाई आधार मानिने छ ।

१. नोकरीको जेष्ठता
२. कार्यसम्पादन मूल्यांकन
३. शैक्षिक योग्यता
४. तालिम

ङ) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले वढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा वढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।
च) वढुवाका लागि नगर प्रहरीवाकोसे कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिईने छ ।
छ) शैक्षिक योग्यता वापत बढीमा १५(पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहायमोजिमब गरिनेछ ।

| शैक्षिक योग्यता | प्रथम | द्धितिय | तृतिय | कैफियत |
|---|---|---|---|---|
| हाल वहाल रहेको पदमा नयाँ नियुक्ति दिदाँ आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा | १० | ८ | ६ | |
| आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा | ५ | ४ | ३ | |

तर

१) श्रेणी नखुलेको शैक्षिक प्रमाण पत्रको हकमा विश्वविद्यालयले स्तर निर्धारण गरेकोमा सोही अनुसारको श्रेणी कायम गरी र सो नभएमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ।
२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भएतीय तृश्रेणी मानिनेछ। कार्य सम्पादन वापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भए अनुसार कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ। तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अङ्क दिइनेछ।

## परिच्छेद-६

## गाँउपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

२३. गाउँ कार्यपालिका प्रशासनको नियन्त्रण रहनेः प्रहरी प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतर विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।



नरबहादुर पुन
अध्यक्ष

२४. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने: गाउँपालिकाले प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ।

२५. **कारवाही गर्दा परामर्श लिने कुनै** पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासन हीनताको कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरीप्रमुखको परामर्श लिनुपर्नेछ।

## परिच्छेद-७

## विदा

२६. विदा अधिकारको कुरा होइनः (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ ।साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरुः नगर प्रहरी कर्मचारीहरुले देहायवमोजिमका विदा पाउनेछनः

१) भैपरी आउने र पर्व विदा

२) घर विदा

३) विरामी विदा

४) किरिया विदा

५) प्रसुती विदा

६) सट्टा विदा

७) अध्ययन विदा

८) असाधारण विदा

९) अन्तर्राष्ट्रिय संघ संस्थामा काम गर्न विदा दिन सकिने

१०) प्रसुति स्याहार विदा

**२७. विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने:** यस नियमावली वमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

(२) उपनियम (१) को उल्लंघन गरी गैरहाजिर हुनेनगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुँदै विदा बसे पछि गैर हाजिरि भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन।

२८. भैपरी/पर्व विदाः (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई/भैपरी पर्व विदा पाउने छ ।

२) भैपरी/पर्व आउने विदा साधारणतः एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नुपरेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी/पर्व विदा वसेका नगरप्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइनेछैन ।

२९. **घर विदाः**(१) नगर प्रहरी कर्मचारीले प्रत्येक साल ३० दिनका दरले घर विदा पाउनेछ।

(२) घर विदा वढीमा एक सय असी दिनसम्म संचित राख्न सकिने छ ।

(३) नगर प्रहरी कर्मचारीलाई वर्षमा एक पटक घर विदा जाँदा र विदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा हिडनुपर्ने भएमा ७ कोशको निमित्त एक दिनको दरले तथा मोटर वाटोको लागि जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिनेछ ।

(४) जुनसुकै रुपले सेवाबाट हट्ने नगर प्रहरी कर्मचारीले निजको बढीमा एक सय असी दिनसम्मको घर विदावापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलवको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।



नरबहादुर पुन
अध्यक्ष

(५) घर विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव, भत्ता र राशन पाउने छ ।

(६) निलम्वनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको घर विदा, रासन भत्ता र पोशाक सुविधा पाउने छैन।

३०. **विरामी विदाः** (१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र राशनसहित विरामी विदा पाउने छ।

(२) नगर प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिन सम्मको पेश्की विदा दिन सकिनेछ ।

(३) प्रहरी कर्मचारीले विरामी विदासंचित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजले संचित विरामी विदावापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलवका दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

तर संचित विदाको रकम लिन नपाउँदै कुनै नगर प्रहरी कर्मचारीको मृत्यु भएमा निज इच्छाएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छ भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरालाई प्रमाण पत्र पेश नगरी विदा दिन सक्नेछ ।

(५) कुनै ठूलो वा कडा रोग लागी सो कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरी दिइएको प्रमाण पत्र पेश गरेमा नगर प्रहरी कर्मचारीले वढीमा ४५ दिनसम्म थप विरामी विदा पाउन सक्नेछ । यस्तो विरामी विदा लिने नगर प्रहरी कर्मचारीको पाकी सकेकको वा पाकेको घर विदाबाट प्रत्येक दुई दिन थप विरामी विदावापत एक दिनका दरले घर विदा कट्टा गरिनेछ।

३१. किरिया विदाः (१) नगर प्रहरी कर्मचारीले आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदाबस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

३२. **प्रसूती विदाः** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधि बनाई राख्नुपर्नेछ ।

३३. **प्रसूती स्याहार विदाः** (१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ।

२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अधि पछी गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधि बनाई राख्नुपर्नेछ ।

५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।



नरबहादुर पुन
अध्यक्ष

३४. **सट्टा विदाः** कुनै पनि सार्वजनिक विदाको दिन ड्युटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन ।

३५. **अध्ययन विदाः** (१) नगर प्रहरीको सेवालाई र आवश्यक पर्ने विषयमा स्थानीय निकायलाई प्राप्त भएको छात्रवृत्तिमा मन्त्रालयको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तर स्थानीय निकाय प्रतियोगितामा वा स्थानीय निकायबाट मनोनयन भई अध्ययन गर्न जाने नगर प्रहरी कर्मचारीले अध्ययन अवधिभर अध्ययन विदा पाउन सक्नेछ।

(२) नगर प्रहरी कर्मचारीले सेवा अवधिभरमा एकैपटक वा पटक पटक गरी तीन वर्षसम्म अध्ययन विदा पाउनेछ । तर कार्यालयले आवश्यक ठानेको अवस्थामा अध्ययन विदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययनको निमित्त मनोनयन भई अध्ययन विदा लिई गएको नगर प्रहरी कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन विदा थपिने छैन र असाधारण बिदा दिइने छैन ।

(४) अध्ययन विदामा बस्दा नगर प्रहरी कर्मचारीले तलब पाउने छैन।

(५) सम्वन्धित सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा नगरप्रहरीलाई उपनियम (२) बमोजिम अध्ययन विदा दिन सकिनेछ । तर यस अध्ययन विदामा बस्ने नगर प्रहरी कर्मचारीले तलब, भत्ता,राशन र पोशाकको सुविधा पाउने छैन।

(६) २ वर्ष करार सेवा अवधि नपुगी कुनै पनि नगर प्रहरी कर्मचारीले अध्ययन विदा पाउन सक्ने छैन।

(७) कुनै आयोजना वा कार्यक्रम कार्यान्वियन गर्नको निमित्त अत्यावश्यक भएको तालिम प्राप्त गर्नको लागि गाउँ कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई मनोनयन गरी पठाउनु परेमा त्यस्तो तालिम अवधिभर निजलाई काजको रुपमा पठाइनेछ र सो अवधिभर निजलाई पूरा तलब, भत्ता र राशन दिइनेछ ।

३६. **असाधारण विदाः** (१) नगर प्रहरी कर्मचारीले असाधारण विदा लिर्नु पदाविदा लिनुपर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा गाउँपालिकाले एका पटकमा एक वर्ष नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ ।

(२) असाधारण विदामा बस्ने नगर प्रहरी कर्मचारीले सो अवधिभर तलब, भत्ता र राशन सुविधा पाउनेछैन।

तर नियामावली ३५ को उपनियम (६) वमोजिम असाधारण विदामा वस्ने नगर प्रहरी कर्मचारीले त्यस्ता विदामा वसेको अवधिका पूरा तलव पाउनेछ ।

(३) पाँच वर्ष नगर प्रहरी सेवामा काम नगरेको कर्मचारीले असाधारण विदा पाउने छैन ।

तर (क) नियामावली ३५ को उपनियम (६) वमोजिमथप विरामी विदा वापत असाधारण विदामा वस्न यस नियमले वाधा पुऱ्याएको मानिने छैन ।

(ख) निजी प्रयासमा अध्ययन गर्न चाहने नगर प्रहरी कर्मचारीले दुईवर्षको सेवा अवधि पूरा गरेपछि नियम (१) को अधिनमा रही एकैपटक वा पटक पटक गरी वढीमा तीन वर्षसम्म असाधारण विदा पाउन सक्नेछ।

(४) नगर प्रहरी कर्मचारीले लिएको असाधारण विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

३७. **अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिनेकुनै नगरः** प्रहरी कर्मचारीले विदा लिई अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न जान निवेदन दिएमा नगर प्रहरीको कर्मचारीसेवासमूहसँग सम्बन्धित सेवा समूहसँग सम्बन्धित बिषयमा निजले पाउन सक्ने असाधारण विदाबाट कट्टा हुने गरी पछि नगर प्रहरी सेवामा फर्कि आउने कवुलियत गराई निजलाई त्यस्तो सेवा गर्न जानका लागि अनुमति दिन सक्नेछ ।

३८. **बिदा माग गर्ने विधिः** (१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई अफनो कार्याल मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघिका मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ ।



नरबहादुर पुन
अध्यक्ष

क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भने ।

ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने।

(३) अध्ययन विदाको लागि निवेदन दिंदा अरु कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ

क) आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

ख) अध्ययन गरिने विश्वविद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएक कागजात,

ग) नगर प्रहरी कर्मचारीलाई त्यस्तो विदाको सम्वन्धमा सहयेग पुऱ्याउन सक्ने अन्य आवश्यक कागजात ।

३९. **विदा दिने अधिकारीःदेहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः**

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने र पर्व विदा | नगर प्रहरी प्रमुख |
| २. घर विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ३. विरामी विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ४. प्रसूति विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ५. किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ६. अध्ययन विदा | गाउँ कार्यापालिका |
| ७. असाधारण विदा | गाउँ कार्यापालिका |
| ८. अन्तर्राष्ट्रिय संघ,संस्थामा सेवा गर्न विदा दिन सकिने | गाउँ कार्यापालिका |

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन तथा संगठन विकास विभागमा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

४०. **विदा परिणत नहुनेः** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको ह सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस् विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

४१. **सार्वजनिक विदा गाभिनेः** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसे नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

४२. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

४३. **विदा लिने विधिः** (१) यस परिच्छेद वमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाईको विदा चाहिएको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तज्बीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

४४. **विदाको अभिलेखः** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राखेप्रशासन तथा संगठन विकास विभागलाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।



नरबहादुर पुन
अध्यक्ष

४५. **निकासा लिन नभ्याएमाः** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामानवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

५६. **गयल खाली जनाउनेः** कुनै नगर प्रहरी कर्मचारीगयल परी सो कुराको जनाउ गाउँपालिका प्रशासन तथा संगठन विकास विभागमा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफ गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारीमक्षस प्रतिवेदन दिन सक्नेछ ।सो प्रतिवेदन उपर छानविन र जाँचपडतालगर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखी पठाउन सक्नेछ ।

४७. **झुठो कारण देखाएमा सजाय हुनेः** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

४८. **तालिम अवधिमा विदा वस्ने वारेः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन।

४९. **सञ्चित विदा उपभोग गर्न पाउनेः** यो नियमावली प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित सेवा सर्त सम्वन्धी नियामावली वमोजिम कुनै नगर प्रहरी कर्मचारीको घर विदा वा विरामी विदा सञ्चित रहेको भए निजले सो सञ्चित विदा यस नियमावली वमोजिम उपभोग गर्न पाउनेछ ।

## परिच्छेद ८

## आचरण

५०. **दान उपहार लिन नहुनेः** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले गाउँपालिकको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

५१. **चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिम आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

५२. **स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न** नहुनेः गाउँपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । सानीभेरी गाउँपालिकको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

५३. **सम्पत्तिको विवरण दिनुपर्नेः** (१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो नियमावली लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

१) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातका विवरण ।

२) आफूसँगवा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

३) उपनियामावली १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

४) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

५४. व्यापार व्यवसाय गर्न नहुनेः कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वे देहायका काम गर्नु हुँदैनः

१. कुनै व्यापार गर्न ।

२. कुनै फर्मको हिस्सेदार सञ्चालक हुन ।

३. कुनै व्यवसाय चलाउन ।



नरबहादुर पुन
अध्यक्ष

५५. **गाउँपालिकको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैहसरकारी संघ संस्थाबाट प्राप्तको गरेवा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह सरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनु हुदैन ।

५६. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

५७. **गाउँपालिकको आलोचनाः** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गदा गाउँपालिकको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँपालिका बासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नुहुदैन।

५८. **निर्वाचनमा भाग लिन नहुनेः** नगरप्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजि आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

५९. राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

६०. समय पालन र नियमितताः नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

६१. **अनुशासन र** आज्ञापालनः (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

६२. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

६३. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद–९
## सजाय र पुनरावेदन

६४. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

१. नसिहत दिने ।
२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।
३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।
४. तल्लो तहमा घटुवा गर्ने।
५. लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।
६. भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

६५. **नसिहत दिने वा प्रतिकूल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ। दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।



नरबहादुर पुन
अध्यक्ष

६६. **तलब वृद्धि वा पदोन्नति रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

६७. **दर्जा र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र सानीभेरी गाउँपालिकालाई हानि नोक्सानी पुर्‍याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरणसम्वन्धी नियम उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठा कारण देखाएमा।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

६८. **नोकरीबाट हटाउने वा खार्स्तब गर्नेः** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वार्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी वा दायित्व पुरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) वरावर अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

६९. **सजायको आदेश दिनेः** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

७०. **सेवाको अन्त गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस नियावमाली वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै।

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहर्‍याएमा,

७१. **नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद १०

## अवकाश र निवृत्तिभरण

७२. **अनिवार्य अवकाशः** (१) यो नियमावली जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहाय वमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि २० वर्ष पूरा भए पछी निजलाई सेवाबाट अवकाश दिइनेछ ।

ङ) नगर प्रहरी प्लाटुन कमाण्डर —४५ वर्ष



नरबहादुर पुन
अध्यक्ष

च) नगर प्रहरी सेक्शन कमाण्डर/नगर प्रहरी जवान —४२ वर्ष

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारी सेवाबाट अवकाश पाउने छ ।

स्पष्टीकरणः निजको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहायवमोजिम गरिनेछः

क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

(४) यस नियामावली वमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई गाउँपालिकाले नोकरीबाट अवकाश दिनेछ।

(५) यो नियम प्रारम्भ हुँदा नगर प्रहरी सेवामा वहाल रहेका नगर प्रहरी कर्मचारीले उपनियम (१) वमोजिम अवकाश प्राप्त गर्दा प्रचलित नगर प्रहरी नियमावली वमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ सो अवधिसमेत निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजल पाउने निवृत्तिभरणको हिसाव गरिनेछ।

७३. **निवृत्तिभरणः** सानीभेरी गाउँपालिका कर्मचारी सेवा, शर्त नियमावली २०७४ बमोजिम हुनेछ ।

७४. **निवृत्तिभरणमा वृद्धिः** (१) वहालवाला नगर प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा निवृत्तिभरण पाउने नगर प्रहरी कर्मचारीको समेत प्रचलित नियमानुसार निवृत्तिभरणमा वृद्धि हुने छ ।

७५. पारिवारीक निवृत्तिभरण र उपदानः (१) नगर प्लाटुन कमाण्डर कर्मचारीको नोकरीमा छदै वा आफूले निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा कर्मचारीको मृतक इच्छाएको व्यक्तिलाई नियमानुसार निवृत्तिभरण दिइनेछ ।

७६. **अशक्त वृत्तिः** (१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो पदको कर्तव्य पालना गर्दा तालिमको वा सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अंगभंग भएको छ वा चोट पटक लागेको छ र नगर प्रहरी सेवाको लागि अशक्त भएको छ भने त्यस्तो नगर प्रहरी कर्मचारीको निवृत्तिभरण पाउने अवधि पुगी सकेको भए निजले खाइपाई आएको तलवले पाउने निवृत्तिभरणमा वा निवृत्तिभरण पाउन अवधि पुगी नसकेको भए निजलको जीविकाको निमित्त बाचुन्जेलसम्म अशक्त वृत्तिको उपनियम ८४ मा लेखिएवमोजिम निवृत्तिभरण सहित अशक्त भत्ता पाउनेछ ।

(२) यस्तो अशक्त नगर प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउन गर्नुपर्ने नोकरी वर्ष भन्दा घटी भएमा यस नियमावली वमोजिम निवृत्तिभरण पाउने वर्ष पुऱ्याउन नपुग प्रत्येक पूरा वा चानचुन वर्षको निमित्त दामासाहीबाट कट्टी गर्दा एक तिहाइभन्दा वढी कट्टी गरिने छैन । अर्थात कम्तीमा सो दर्जाले पाउने निवृत्तिभरणको दुई तिहाइ निवृत्तिभरण पाउनेछ ।

(३) अशक्तवापत उपनियम (१) वा (२) मा लेखिएको निवृत्तिभरणमा थप पाउने मासिक अशक्तवृत्ति अंक देहायवमोजिम हुनेछ ।

| अशक्तताको प्रतिशत | अधिकृत स्तर | नगर प्रहरी प्लाटुन कमाण्डर | नगर प्रहरी सेकेशन कमाण्डर | नगर प्रहरी जवान |
|---|---|---|---|---|
| १०० | ५०० | १९५ | १७५ | १६० |
| ९० | ४५० | १७४ | १५८ | १४४ |
| ८० | ४०० | १५४ | १४० | १२८ |
| ७० | ३५० | १३६ | १२४ | ११२ |
| ६० | ३०० | ११६ | १०६ | ९६ |
| ५० | २५० | ९६ | ८८ | ८० |
| ४० | २०० | ७८ | ७० | ६४ |
| ३० | १५० | ५८ | ५४ | ४८ |
| २० | १०० | ४० | २६ | ३२ |



नरबहादुर पुन
अध्यक्ष

(४) यस नियममा अन्यत्र जासुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी ७ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता पाउनेछ र उक्त पूरा तलब भत्ता पाउने अवधि व्यतित भएपछि निवृत्तिभरण पाक्ने अवधिभन्दा कम सेवा अवधि भएको नगर प्रहरी कर्मचारीले निवृत्तभरण पाकेको अवधि सरह र निवृत्तिभरण पाक्नेअ वधिभन्दा वढी सेवा अवधि भएका नगर प्रहरी कर्मचारीले सोहीवमोजिम निवृत्तिभरण पाउनेछ ।

(५) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहायवमोजिमका समिति रहनेछन्:

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) प्रतिनिधिः चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल | सदस्य |
| (ग) प्रतिनिधिः नगर प्रहरी प्रमुख | सदस्य सचिव |

(६) उपनियम (५) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिंदा दुर्घटना वा विपद वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

७७. **अशक्त वृत्तिको अंक निर्धारणः** अशक्तवृत्ति पाउने हुँदा नगर प्रहरी कर्मचारी कुनै माथिल्लो पदमा कायम मुकायम वा कार्यवाहक भएको रहेछ भने सोही कायम मुकायम वा कार्यवाहक भएको पदको आधारबाट र अशक्त भएपछि सेवाबाट हट्दासम्म बढुवा पाइसकेको रहेछ भने वढुवा पाएको पदको आधारबाट निजले पाउने अशक्तवृत्तिको अंक निर्धारण गरिनेछ ।

७८. **निवृत्तिभरण सम्वन्धी कार्यविधिः** उमेरको हक वा सेवा अवधि पुगेको कारणबाट निवृत्तिभरण पाउने कर्मचारीले अवकाश लिने मितिभन्दा छ महिना अघि तोकिएको फाराम भरी अख्तियारवाला कहाँ पठाउनुपर्दछ । नगर प्रहरी कर्मचारीको मृत्यु भएमा निजको परिवारले प्राप्त गर्ने निवृत्तिभरणको निमित्त दरखास्त कर्मचारीको मृत्यु भएको ६ महिनाभित्र अख्तियारवाला कहाँ पठाउनुपर्नेछ ।

७९. **असाधारण पारिवारिक वृत्ति र उपदानः** (१) कुनै नगर प्रहरी कर्मचारी आफनो्कर्तव्य पालन गर्दा वा तालिम लिंदा तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भए निजको नोकरी जतिसुकै वर्ष पुगको भए तापनि मृतक नगर प्रहरी कर्मचारीको सबैभन्दा नजिकको हकवालाले त्यस्तो नगर प्रहरी कर्मचारीले खाइपाई आएको तलवको आधा पारिवारिक निवृत्तिभरण पाउने र त्यस्तो हकवालालाई देहायवमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछ ।

क) १० वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष १ महिन तलव वरावरको रकम ।

ख) १० वर्ष देखि २० वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको प्रति २ महिनाको तलव वरावरको रकम ।

ग) २० वर्षभन्दा वढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको प्रति वष महिनाको तलव वरावरको रकम ।

(२) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको तयतापनि असाधारण निवृत्तिभरणको प्रयोजनको निमित्त वहालवालाभन्नाले मृतक नगर प्रहरी कर्मचारीको पत्नी, नावालक छोरा, अविवाहित छोरी र आश्रित बाबु, आमालाई मात्र जनाउनेछ ।

(३) उपनियम (१) र (२) वमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृतक नगर प्रहरी कर्मचारीको पत्नी वा बाबु आमा भए आजीवन र छोरा वा छोरीले भए २१ वर्षकोपुरा उमेरगरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

(४) मृतक महिला नगर प्रहरी कर्मचारीको विधुर पतिको हकमा सानीभेरी गाउँपालिकाले उचित र न्यायसंगत तरिकाबाट कारवाही गर्न सक्नेछ ।



नरबहादुर पुन
अध्यक्ष

८०. **असाधारण पारिवारिक वृत्तिको अंक निर्धारणः** कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिंदा तत्काल मृत्यु भएको रहेछ भने सोही कायम मुकायम वा बहालवाहक भएका पदको आधारबाट र तत्काल मृत्यु नभएमा सो घटना घटेको मितिदेखि मृत्यु भएको मितिसम्ममा बढुवा पाइसकेको रहेछ भने सो बढुवा भएको आधारबाट पदको असाधारण पारिवारिक वृत्तिको अंक निर्धारण गरिनेछ ।

८१. **सन्ततिवृत्ति र शैक्षिक भत्ताः** (१) कुनै नगर प्रहरी कर्मचारी आफनो कर्तव्य पालन गर्दा वा तालिम लिंदा तत्काल मृत्यु वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने अशक्त भएमा त्यस्तो मृतक वा अशक्त नगर प्रहरी कर्मचारीको प्रत्येक सन्ततिलाई रु. ५००(पाँच सय) को दरले मासिक सन्ततिवृत्ति दिइनेछ (सन्तति भन्नाले पत्नि, छोरा, छोरीलाई जनाउँनेछ )

(२) उपनियम १ वमोजिम वृत्ति सम्वन्धित सन्ततिले २१ वर्षको उमेर पुरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउँनेछ।

८२. **नोकरी अवधिको गणनाः** (१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा नगर प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा (बीचमा टुटेको अवधि कटाई) लाई गणना गरिनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापदाननि उपाइसकेको व्यक्ति नगर प्रहरी सेवा वा पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपनियम (१) अनुसार गणना गर्दा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।

८३. **उपचार खर्चः** (१) कुनै नगर प्रहरीकर्मचारी विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्चवापत दिनेछः

क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदान सहतिको पेशक्रिप्शन वमोजिम खर्च ।

ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुनु नपर्ने वा भर्ना हुन नसकेको कुनै अवस्था वा किसिमको रोगको सम्वन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त विराज, डाक्टर,वैद्यक वा हेल्थ असिस्टेण्टले जाँचगर्दा लिएको शुल्क र रोगको निदानसहितको पेशक्रिप्शन अनुसार गरेको औषधि खर्च ।

ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेन्ट पनि नभएको ठाउँमा भएको उपचारमा कार्यालय प्रमुख, मातहतका नगर प्रहरी कर्मचारीको कार्यालयहकमा प्रमुखले, कार्यालय प्रमुखको हकमा एक तहमाथिको अधिकारीले सिफारिस गरेको खर्च ।

घ) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार(सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिल वमोजिमको खर्च ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको तमाम नोकरी अवधिभरमा अधिकृत स्तरको भए १२ महिना र सो भन्दा मुनिको पदकोलागि १८ महिना वरावरको तलब रकमसम्म मात्र उपचार खर्च दिइनेछ ।

(३) यस नियमवमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेम कारण मनासिब देखिए उपनियम (२) को अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सक्नेछ।

(४) भविष्यमा स्थानीय निकायको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा वाहेक अरु जुनसुकै व्यहोराबाट नगर प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँद उपनियम (५) वमोजिम नोकरी अवधिभरमा पाउने उपचारखर्चमध्ये केही लिई वा नलिई उपचार खर्च वाँकी रहेको भए त्यस्तो बाँकी भएजति रकमको दुई तिहाइको हिसावले हुने एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।



नरबहादुर पुन
अध्यक्ष

तर निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएका नगर प्रहरी कर्मचारीले त्यस्तो बाँकी भएजति पूरै रकम पच्चीस वर्ष सेवा अवधि पूरा गरेको रहेछ भने त्यसमा १० प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।

(६) कुनै नगर प्रहरी कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा स्थानीय निकायको नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरीर्खास्तब गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरी अवधि मानी त्यसैको दामासाहीले उपनियम( १) अनुसार पाउने उपचार खर्च पाउनेछ ।

(७) यस नियम वमोजिम नगर प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण कार्यालयलेनगर प्रहरीको विदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नुपर्नेछ ।

## परिच्छेद ११

## तलब, भत्ता

८४. **तलब भत्ताः** नगर प्रहरी कर्मचारीले नियुक्तिपाएको वा वढुवा भएको मितिदेखि तलबभत्ता पाउने छ ।तलव र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ ।

८५. **टाइम स्केलः** (१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केलमा लेखिएको न्यूनतम तलब पाउने छ ।

तर अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा गाउँपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ ।

(२) उच्चस्तर टाइम स्केलको कुनै पदमा स्थायी रुपमा वढुवा पाउने नगर प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइम स्केलमा लेखिएका न्यूनतम तलब पाउने छ ।

८६. **तलब वृद्धिः** देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुर गरेपछि ग्रेटवृद्धि पाउनेछ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब वृद्धि रोक्का ।

तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिनेछ।

८७. **कायम मुकायम भई काम गरेको तलब भत्ताः** कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ ।

८८. **अवकाश पाउने कर्मचारी पाउने तलब र राशनः** नगर प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सोको सूचना पाएको मितिसम्म निजले खाईपाइ आएको तलब, भत्ता, रासन र अन्य सुविधासमेत पाउनेछ। तर कार्यालयमा गैर—हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भनेुपस्थितआफू रहेकोअन मितिदेखिको तलब, भत्ता र रासन पाउने छैन ।

## परिच्छेद १२

## कायम मुकायम र कार्यवाहको व्यवस्था

८९. **कायम मुकायम करार गर्न सक्नेः** (१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम करार गरिने छैन तर पदरिक्त रहेको अवस्था परी कार्यालयको दैनिककार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम करार गर्न सकिने छ ।

(२) यस नियामावली वमोजिम कायम मुकायम करार गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबैभन्दा जेष्ठनगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम करार गरिनेछ



नरबहादुर पुन
अध्यक्ष

(३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम करार भएको हो निजले सो पदको दर्ज्यानी चिन्हसहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

९०. **कायम मुकायम गर्ने अधिकारीः** (१) नगर प्रहरी कर्मचारीलाई कायम मुकायम करार गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतले गर्ने ।

(२) उपनियम (१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिने छ ।

(३) उपनियम (१) वमोजिम कार्यवाहक भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

(४) देहायको अवस्थामा कायम मुकायम करार गर्न सकिने छैनः

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

९१. **निमित्त भई काम गर्ने व्यवस्थाः** (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाध्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्नेगरी नगर प्रहरी कर्मचारीको हुनेछ ।

९२. **एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुनेः कुनै** एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक करार हुन सक्ने छैन ।

९३. **काम गरेको अवधिको तलब भत्ताः** (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेकोछ सोपदको तलब भत्ता र राशन पाउने छ। तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ ।

## परिच्छेद १३

## तालिम

९४. **तालिम को व्यवस्थाः** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन सानीभेरी गाउँपालिकाले तोकिएवमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

९५. **तालिम संचालन हुने स्थानः** गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

९६. **तालिमको अवधिः** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि सानीभेरी गाउँपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

९७. **तालिमको अनिवार्यताः** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिम्मा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

९८. **तालिमको पाठ्यक्रमः** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।



नरबहादुर पुन
अध्यक्ष

९९. **प्रशिक्षार्थीले पाउने सुविधाः** (१) गाउँपालिका बाहिर प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित स्थानीय कानुन अनुसार हुनेछ ।

(२) राशन पाउने नगर प्रहरीकर्मचारीहरुलाई सानीभेरी गाउँपालिकाको नेपाल प्रहरीले सरह पाए राशन र भत्ता पाउने छन्।

१००. **तालिम सफल भएमाः** देहायतालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछः

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु अस्थायी नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा अस्थायी नियुक्तिको लागि योग्य हुनेछन ।

१०१. **समिति गठन हुनेः** नियामावली १०६ र १०७ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशाकीय अधिकृतले तोकेबमोजिमका अधिकृतहरु भएको समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहर वमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ।

१०२. **प्रारम्भिक पोशाक** (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिमकेन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको चाहिने प्रारम्भिक पोशाक सानीभेरी गाउँपालिकाले दिनेछ ।

१०३. **तालिममा सामेल गराउने संख्याः** नगर प्रहरीको कार्यमा दैनिक तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्नेछन्।

१०४. **प्रशिक्षण भत्ताः** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

१०५. **अतिथि प्रशिक्षकहरुको पारिश्रमिकः** गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

१०६. **आन्तरिक तालिमः** एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरीतालिमको व्यवस्था मिलाउनुपर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन ।

## परिच्छेद १४
## पोशाक

१०७. **नगर प्रहरी पोशाकः** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण कार्यापालिकाले तोकेबमोजिम हुनेछ ।

१०८. **प्रारम्भिक पोशाक र सामान प्रत्येकः** नगरप्रहरी कर्मचारीलाई अनुसूचिमा तोकेबमजिमको पोशाक र सामान उपलब्ध गराईनेछ।

१०९. **जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ।

११०. **सेरोमोनियल पोशाकः** अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको तोकिएको लागि रकम उपलब्ध गराईनेछ।

१११. **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः** नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भएबमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

११२. **नगर प्रहरीको पोशाक सट्टा भर्नाः** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद १५
## विविध

११३. **विभागीय आदेश र निर्देशनः** ऐन र यस नियमावलीको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशाकीयका अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय



नरबहादुर पुन
अध्यक्ष

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**११४.** **पुरस्कारः** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन्:

**११५.** **दशै खर्च पाउनेः** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनको पन्ध्र दिन अगाडि दशै खर्चको रुपमा पाउनेछ ।

**११६.** **अन्य सुविधातथा व्यवस्थाः** (१) सानीभेरी गाउँपालिकाले नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोके बमोजिम हुनेछ।

**११७.** **बाधा अड्काउ फुकाऊः** सानीभेरी गाउँ पालिकाकार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस नियमावलीमा व्यवस्था भएको हदसम्म यसैनियमावली बमोजिम हुनेछ ।

**११८.** **नियमावली संशोधनः** यस नियामवलीमा आवश्यक संशोधन सानीभेरी गाउँपालिकको गाउँ कार्यपालिकाले गर्ने सक्नेछ।

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (क) अधिकार बमोजिम सानीभेरी गाउँ कार्यपालिकाले “सानीभेरी नगर प्रहरी नियमावली २०७४” वनाएकेले गाउँपालकिा अध्यक्ष श्री नर वहादुर पुन बाट प्रमाणीकरण गरिएकोछ।

नरबहादुर पुन
अध्यक्ष

नाम :नर बहादुर पुन

पद :गाँउपालिका अध्यक्ष

मिति :२०७४/१२ /२५



नरबहादुर पुन
अध्यक्ष